रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६ रिब्दीकोट माघ २७, २०७९ साल संख्याः६**


**भाग –२**

**रिब्दीकोट गाउँपालिका**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम आकस्मिक सडक मर्मत कार्यविधी सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।**

## आकस्मिक सडक मर्मत कार्यविधी, २०७९

कार्यपालिकाबाट पारित मिति २०७९।१०।१७

प्रस्तावनाः रिब्दीकोट गाउँपालिका भित्रका सडक निर्माण, पुल पुलेसा, ढल, खानेपानी, सिंचाई जस्ता पूर्वाधारहरुलाई दिगो रुपमा सञ्चालन गर्न नियमित रुपमा मर्मत संभार गर्नु अपरिहार्य हुन्छ । गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने सडक मर्मतको लागि गाउँपालिकाले छुट्टै कोष खडा गरी सडक तथा बाटो संरक्षण गर्न आवश्यकता हेरी सोही अनुसारको मेशिन तथा औजार र मानिसहरु परिचालन गरी सडक अवरुद्ध हुनबाट जोगाउन र व्यवस्थित ढंगबाट कार्य संचालन गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रिब्दीकोट गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यविधिको नाम "आकस्मिक सडक मर्मत २०७९" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले रिब्दीकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "आकस्मिक सडक मर्मत" अवरुद्ध सडकलाई सुचारु राख्न तत्काल गरिने सबै प्रकारका मर्मत सम्बन्धी कार्य भन्ने बुझ्नुपर्दछ ।

(च) "कर्मचारी" भन्नाले रिब्दीकोट गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनुपर्दछ ।

(छ) "वडा अध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको सम्बन्धीत वडाका वडाअध्यक्षलाई सम्झनुपर्दछ ।

(ज) "कार्यविधि" भन्नाले रिब्दीकोट गाउँपालिकाको आकस्मिक सडक मर्मत २०७९ सम्झनुपर्दछ ।

(झ) "समिति" भन्नाले आकस्मिक सडक मर्मत कार्यको

लागि यस कार्यविधि बमोजिम गठन गरिएको समिति सम्झनुपर्दछ ।

(ञ) "पूर्वाधार" भन्नाले सडक, ढल, पेटी, पुलेसा, सडक बत्ती, खानेपानी टंकी तथा मूल संरक्षण सार्वजनिक पार्क, रंगशाला आदिलाई सम्झनुपर्दछ ।

३. उद्देश्यः

(क) गाउँपालिका क्षेत्रभित्रका सडकहरु अवरुद्ध हुन नदिने ।

(ख) मानिसहरुको आवागमनलाई सहज बनाउने ।

(ग) नागरिकहरुमा स्थानीय तहप्रति अपनत्व भाव सिर्जना गर्ने ।

(घ) विकासका क्रियाकलापलाई निर्वाध रुपमा सञ्चालन हुने वातावरण तयार गर्ने ।

## परिच्छेद - २
## कार्यक्रम संचालन

४. कार्यक्रम सञ्चालन तरिका :

(क) सडकलाई थप बिग्रन नदिन मर्मत संभार गर्न आवश्यक भएको वा आवागमन अवरुद्ध भएको भनी गाउँपालिकामा सोंझै वा वडा कार्यालय मार्फत प्राप्त निवेदन संकलन गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयन समितिको बैठक बसी संकलित निवेदनका सम्बन्धमा छलफल गरी योजना छनौट गर्ने साथै कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने । यसरी निर्देशन दिंदा प्राविधिक लागत ईस्टिमेट समेत एकिन गरी बढीमा सो बराबरको रकम मात्र खर्च गर्ने गरी दिनुपर्नेछ ।

(ग) यसरी निर्देशन गर्नुअघि स्थलगत अनुगमन आवश्यक भएमा समितिले अनुगमन समेत गर्न सक्नेछ ।

५. कार्यक्रम अवधिः

यस कार्यक्रमका लागि गाउँसभाले बजेट विनियोजन गरे पश्चात श्रावण १ देखि मिति २०८० आषाढ मसान्त सम्म निरन्तर चलिरहनेछ । आवश्यक ठानेमा यस कार्यक्रमलाई निरन्तरता दिन सक्नेछ ।

६. कार्यक्रम कार्यान्वयनको स्रोत :

कार्यक्रम संचालन गर्न छुट्टै कोष खडा नगरी प्रत्येक वर्ष आकस्मिक सडक मर्मत संभार कार्यक्रममा विनियोजित रकम यो कार्यक्रम संचालनको स्रोत हुनेछ ।

७. कार्यक्रम कार्यान्वयन समितिः

यो कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिकाको अध्यक्ष | संयोजक |
| गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| सम्बन्धित वडाको वडाअध्यक्ष | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य |
| पूर्वाधार र विषयगत शाखा संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**क. वडास्तरीय समिति देहाय बमोजिम हुनेछ ।**

| | |
|---|---|
| सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| वडाध्यक्षले तोकेको वडा सदस्य | सदस्य |
| सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

यो समितिको बैठक संयोजकले तोकेको समयमा तथा आवश्यकता अनुसार बस्न सक्नेछ । समितिले बैठकमा कामसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सक्नेछ ।

८. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः

यस कार्यविधिमा कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आकस्मिक रुपमा मर्मत गरिनुपर्ने सडकको विवरण तयार गर्ने ।

(ख) तत्काल मर्मत गर्नुपर्ने सडक भए जानकारी हुनासाथ स्थलगत अनुगमन गरी प्राविधिक लागत अनुमान तयार गर्न लगाउने ।

(ग) विवरण तथा लागत अनुमान तयार भएपछि समितिको बैठक बसी सडक मर्मतका लागि कार्यालयलाई निर्देशन दिने ।

(घ) आकस्मिक रुपमा गरिने मर्मत संभारको निरीक्षण तथा अनुगमन गर्ने ।

(ङ) संभव भए सम्म सानातिना मर्मतका कार्य स्वयंसेवी ढंगबाट सम्पन्न गर्ने वातावरण तयार गर्ने ।

९. बैठक तथा सेवा सुविधाः

बैठकः कार्यक्रम कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

सेवा सुविधाः कार्यक्रम कार्यान्वयन समितिको बैठक तथा अनुगमनमा सहभागी हुने समितिका पदाधिकारी तथा सदस्यहरुले कार्यपालिकाको बैठक भत्ता सरह बैठक भत्ता प्राप्त गर्नेछन् ।

## परिच्छेद - ३
## अनुगमन, मूल्यांकन, प्रतिवेदन तथा भुक्तानी प्रक्रिया

१०. अनुगमन तथा मूल्यांकन

प्राविधिक शाखा तथा कार्यक्रम कार्यान्वयन समितिले यो कार्यक्रमको अनुगमन गर्नेछ ।

११. भुक्तानी प्रक्रियाः

(क) कार्यान्वयन समिति वा कार्यपालिका वा अध्यक्ष मध्ये यो कार्यविधि अनुरुप निर्णय हुने तहबाट निर्णय वा निर्देशन बमोजिम सञ्चालित योजनाको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि कार्यालयले भुक्तानी दिनुपर्नेछ ।

(ख) यसरी भुक्तानी दिँदा सम्बन्धित वडाको भुक्तानी सिफारिस समेत अनिवार्य हुनेछ ।

र आकस्मिक रुपमा सडक अवरुद्ध भइ तत्काल मर्मत नगरेमा कृषिजन्य ढुवानी तथा बिरामी समेत ओसारपसार गर्न नसकिने अवस्थामा कार्यपालिकाको बैठक बस्न संभव नदेखिएमा गाउँपालिका अध्यक्षले तत्काल काम गर्न निर्देशन दिन सक्नेछ यसरी निर्देशन दिइएकोमा सो को भुक्तानी प्राविधिक मूल्याङ्कनका आधारमा दिन भनी कार्यक्रम कार्यान्वयन समितिको निर्णय भएमा सो को भुक्तानी कार्यालयले दिनुपर्नेछ । सोही अनुसार वडामा आकस्मिक बाटो सुचारु गर्न परेमा वडागत कार्यक्रम कार्यान्वयन समितिको बैठक बसी लागत अनुमान गराई कार्यक्रम गर्न सक्नेछ ।

१२. संशोधन तथा बचाउः

(क) यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधि भित्र रही गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(ख) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

आज्ञाले
पवन अर्याल
प्रमुख प्रशासकीय अधिकृत